## प्रस्तावना

आज वन्यजन्तु व्यवस्थापनको प्रमुख चुनौतिको रूपमा बासस्थानको विनास, खण्डीकरण, वन बिनास र चोरी शिकार तथा अवैध व्यापार रहेको छ । विश्वव्यापी तथ्यांकलाई हेर्ने हो भने वन्यजन्तुको आखेटोपहार बिक्रि संसारको चौथो ठुलो अवैध व्यापारको रूपमा स्थापित भएको छ । यो हामी सबै संरक्षणकर्मीको गम्भीर चिन्ताको बिषय हो । पछिल्लो समय नेपाल सरकार, जनता अनि विभिन्न संघसंस्थाले वन्यजन्तु संरक्षणमा गरेको लगानीले हामी संसारको वन्यजन्तु राम्रो व्यवस्थापन गर्ने देशको रूपमा त चिनिएका छौ तर यो संगसंगै अवैध चोरी शिकारीको कारण पनि हाम्रो ठुलो टाउको दुखाईको बिषय बनेको छ ।

डडेल्धुरा जिल्लामा बिगत केहि महिनामा चितुवाको छाला र अन्य केहि आखेटोपहार सहित मानिस समातिए पछी यस बिषयमा डिभिजन वन कार्यालय डडेल्धुराले गम्भीरताका साथ लिएको छ । सुदूरपश्चिमका बझाङ्, बैतडी लगायतका जिल्लामा चितुवा लगाएत अन्य जनावरको अंग सहित पक्राउ परेका बिभिन्न घटनाले यो क्षेत्र आखेटोपहार ओसार पसारको लागि नया गन्तब्य बन्न सक्ने देखिन्छ। यहाँको महाभारतको वन क्षेत्रमा बिगत बर्षमा भएका क्यामेरा ट्रयापिंगमा पाटेबाघ, चितुवा, रेड फक्स लगाएत महत्वपूर्ण प्रजातिको घनिभूत उपस्थिति भएको पाइयो । एकातिर वन्यजन्तुको उपस्थिति बढी रहेको छ भने अर्को तर्फ यिनको अवैध चोरी शिकारी, मानव वन्यजन्तु द्वन्दको बढोत्तरी हुन् सक्ने देखिन्छ जसले यी कुरालाई मध्य नजर गर्दै समुदायमा आधारित वन्यजन्तु चोरी शिकारी नियन्त्रनमा जोड दिनुपर्ने देखिन्छ । यी विषयहरूमा स्थानीय जनतालाई क्रमश संलग्न नगराएमा यो विषय भयावह समस्याको रूपमा देखिन सक्छ भन्ने अभिप्रायले डडेल्धुराका विभिन्न स्थानमा आवस्यकता अनुसार वन्यजन्तु चोरी शिकारी नियन्त्र इकाई, गठन, संचालनमा सहज होस् भन्ने उद्देश्यले यो ब्रोसर प्रकाशित गरिएको छ र यसलाई प्रकाशन गर्न तराई भू-परिधि कार्यक्रम (TAL) ले सहयोग गरेको छ।




## चोरी शिकारी के हो ?

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार, "शिकार" भन्नाले कुनै वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको कुनै अंग झिक्ने वा नष्ट गर्ने वा त्यसको फुल, गुँड झिक्ने, नष्ट गर्ने वा खलल गरिदने कार्यलाई जनाउदछ । यसैगरि सरकारद्वारा व्यवस्थित वन क्षेत्र, सामुदायिक वन, संरक्षित (निकुञ्ज, आरक्ष, संरक्षणक्षेत्र, मध्यवर्ती क्षेत्र) तथा निषेधित क्षेत्रबाट कानुन विपरित अवैध ढंगले वन्यजन्तु तथा वनस्पतिहरूको चोरी शिकार/ निकासी गर्ने, गतिविधि संचालन गर्ने मतियार, जो कोही पनि व्यक्ति, समुह वा समुदायलाई शिकारी भन्न सकिन्छ ।



जनताको आर्थिक अवस्था कमजोर हुनु, बेरोजगारी बढ्नु, छिट्टै धनी हुने लोभ बढ्नु, अन्तर्राष्ट्रिय बजारमा वन्यजन्तुको अंगको माग बढ्नु, जनतामा चेतनाको अभाव, अन्ध विश्वास, औषधिको प्रयोग, मनोरंजन, अरूको दवाब, प्रलोभन, रिसिवी आदिले यसको अवैध शिकार हुने गरेको छ । बन्दुक, पासो, बल्छी, जाल, बिषको प्रयोग गरेर, लखेटेर, करेन्ट लगाएर, आगो धुवा, गुलेलीको प्रयोग गरेर, अण्डा तथा बच्चा संकलन गरेर, गाडीले ठक्कर दिएर, शिकारी कुकुरको प्रयोग गरेर, खाल्डो खनेर वन्यजन्तुको शिकार गरिन्छ । सामन्यतया रातको समय, एकान्तमा, पानीमुहान, नुन-खार चाट्ने ठांउ, बाटो छेउ, नियमित दिशा गर्ने, पिसाव फेर्ने ठांउ, सजिलै जनावरलाई मार्न सकिने र भाग्न सजिलो हुने क्षेत्र, वन्यजन्तु ओहारदोहर गर्ने बाटो र नाका, ओडार आदिमा ज्यादा शिकार हुने गरेको छ । मिरमिरे विहानी, सांझपख, पानि परेको समय, चाडवाडको समय, लकडाउन लगायत राज्य अस्तव्यस्त भएको समय देशको चुनाव तथा राजनीतिक अस्थिरता भएको अवस्थामा यसको शिकार बढी हुने गर्दछ ।

## सरकारी भूमिका र कानूनी प्रावधान

वन्यजन्तुको चोरी शिकारी विरूद्ध सरकारले आफ्नो तहबाट बिभिन्न कार्यहरू (गस्ती, सुराकी परिचालन, पक्राउ, कानुनी कारवाही) गर्दै आएको छ । वन्यजन्तु सुरक्षाको लागि संरक्षण क्षेत्रमा ठुलो मात्रामा हात हतियार सहितको सेना परिचालन गरिएको र नेपाल प्रहरीले सी आइ बि को मदतबाट सुराकी परिचालन र पक्राउको काम गर्दै आएको छ जसमा राज्यको ठुलो लगानी भएको छ । वन्यजन्तु माथिको अपराधलाई राष्ट्रिय निकुन्ज ऐन २०२९ र नियमावलीले दण्डनीय अपराधको रूपमा राखेर जनावर हेरेर ५-१५ वर्ष सम्म कैद र ५-१० लाख सम्म नगद जरिवाना वा दुवैको सजाय तोकेको छ । यसको अलावा जनतालाई चोरी शिकारी नियन्त्रण अभियानमा प्रत्यक्ष सहभागी गराउने उद्देश्यले समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाइको (Community Based Anti Poaching Unit) गठन गर्ने गरिएको छ । यसै गरि चोरी शिकारी नियन्त्रणमा युवाको उपस्थितिलाई प्रभावकारी बनाउन २०७१।३।६ मा नेपाल सरकारको निर्णयानुसार विश्व वन्यजन्तु दिवस मार्च ३ का दिनलाई चोरी शिकार नियन्त्रण राष्ट्रिय युवा जागरण अभियानको रूपमा मनाउने निर्णय गरेको छ । वन्यजन्तु संरक्षणको कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री देखि जनतासम्मको अवधारणाले मुर्तरूप लिएर प्रभावकारी रूपमा कार्यान्वयन भएको छ ।




वन्यजन्तुमा बाघ लगायत अन्य दुर्लभ बन्यजन्तुको संरक्षणको लागि २०६७ मंसिर ५ गते मन्त्रिपरिषद्को निर्णय अनुसार राष्ट्रिय बाघ संरक्षण समिति नेपालको गठन भएको छ, जसमा अध्यक्ष प्रधानमन्त्री रहने र सदस्यमा सुरक्षा निकायको प्रतिनिधि लगायत विभिन्न सरोकारवाला छन् । यसलाई प्रभावकारी बनाउन केन्द्रियस्तरको संयोजन समिति र जिल्ला स्तरमा समेत जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन गर्ने गरिएको छ । हाल देशभरी ३० जिल्लामा २८ वटा यस्ता इकाई गठन भएका छन् जसले समन्वय सहकार्य गरेर वन्यजन्तुको चोरी शिकारी नियन्त्रणमा प्रभावकारी भूमिका खेल्ने गरेको छ ।

## समुदायमा आधारित चोरी शिकारी नियन्त्रण इकाई के हो ?

संकटमा परेका वन्यजन्तुको संरक्षण नेपाल सरकारको उच्चतह देखि स्थानीयस्तर सम्मका निकाय तथा अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थनीयस्तरको संघसस्थाको प्रयास मात्र पर्याप्त नभएको अवस्थालाई मध्यनजर गरी स्थानीय समुदाय/ब्यक्तिको सक्रिय सहभागितामा संरक्षण क्षेत्र/सामुदायिक वन लगायतका क्षेत्रहरूमा समुदायमा आधारित संरक्षणको अवधारणा अनुरूप आपसी समन्वय र सहकार्यको थालनी गरिएको छ । यसरी समुदायस्तरमा गठन गरिएको इकाई नै समुदायमा आधारित चोरी शिकारी नियन्त्रण इकाई हो ।

वन र वन्यजन्तु लगायतका प्राकृतिक सम्पदाहरूको प्रभावकारी र दिगो संरक्षणको लागि वन्यजन्तुको संरक्षण एवं चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण गर्ने कार्यमा वन कार्यालय, संरक्षण क्षेत्र र वन्यजन्तु संरक्षण कार्यमा कार्यरत संघ संस्थाहरूसंग समन्वय र सहकार्य गर्दै आ-आफ्नो क्षेत्र तथा तह र तप्काबाट सहयोग पुर्याउनका लागि डिभिजन वन कार्यालय मार्फत गठन गरिएका सामुदायिक वन उपभोक्ता समूह र समिति प्रति उत्तरदायी रहने गरी अथवा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति प्रति उत्तरदायी रहने गरी वन र वन्यजन्तुको चोरी शिकार निकासी तथा अवैध व्यापार नियन्त्रणका लागि समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई गठन गर्ने गरिएको छ



## वन्यजन्तुको चोरी शिकार
## के दिन्छौं भावी सन्ततीलाई उपहार ?

### चोरी शिकार नियन्त्रण इकाईका मुल उद्देश्यहरु देहाय बमोजिमका हुनेछन् ।

१. आफु, आफ्नो परिवार र साथीभाईलाई संरक्षणमा सहभागी गराउने र संरक्षण अनुकुल कार्य गर्ने, गराउने ।
२. आफ्नो कार्यक्षेत्रमा संरक्षणमा टेवा पुग्ने जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।
३. कानुन कार्यान्वयन गर्ने सरकारी निकायलाई सहयोग गर्ने ।
४. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, अनियन्त्रित वन डढेलो नियन्त्रण तथा वन्यजन्तु चोरीशिकार तथा अवैध ओसारपसार नियन्त्रण गर्ने समुदायमा सहजीकरण गर्ने र मुल समिति तथा सरकारी संयन्त्रलाई सहयोग गर्ने ।
५. वन संरक्षण, व्यवस्थापन र सदुपयोगको क्षेत्रमा मूल समितिका उद्देश्यहरू पुर्ति गर्नमा सहयोग गर्ने ।

### समुदायमा आधारित चोरी शिकार नियन्त्रण एकाइ उपसमितिको काम कर्तब्य र अधिकार

(क) आफ्नो जिम्मेवारी क्षेत्रमा वन्यजन्तु संरक्षणका लागि जनचेतना कार्यक्रम संचालन गर्ने ।
(ख) आफ्नो क्षेत्रमा नियमित गस्ती परिचालन गर्ने ।
(ग) वन्यजन्तुबाट भएको क्षतिको राहत प्राप्त गर्नका लागि समुदायलाई सहयोग गर्ने ।
(घ) मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि काम गर्ने । गाउँमा हिंश्रक र समस्याग्रस्त वन्यजन्तु प्रवेश गरेमा स्थानीय उपभोक्ताको जनधनको सुरक्षा गर्न सहयोग पुर्याउने ।
(ङ) वन्यजन्तु चोरीशिकार हुन नदिने । कसैले वन्यजन्तु मारेको वा मार्ने प्रयत्न गरेको वा वन्यजन्तु मारेर त्यसको मासु वा अन्य आखेटोपहार राखेको वा खरिद बिक्रि गरेको थाहा पाएमा तुरुन्त वन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउने ।
(च) वन्यजन्तुको चोरीशिकार सम्बन्धि अपराधमा अपराधी पक्राउ गर्ने, अनुसन्धान गर्ने र कारबाही गर्ने अधिकार सरकारी निकायलाई मात्र हुने भएकोले समुदायमा आधारित चोरीशिकार नियन्त्रण एकाइ आफैले मानिस पक्राउ गर्ने काम गर्नुहुन्न । अपराधी पक्राउ गर्न सरकारी निकायलाई सहयोग गर्नुपर्दछ ।
(छ) कुनै ठाउँमा हातहतियार या पाशो वा यस्तै चिजबस्तु लुकाइ छिपाइ राखेको फेला परेमा वा कुनै वन्यजन्तु मरेको वा वन्यजन्तु मारेको कुनै संकेत फेला परेमा उक्त स्थान भन्दा टाढै बसेर तुरुन्त सरकारी निकायलाई खबर गर्नुपर्दछ । यस्ता चिजबस्तु छुन, समाउन हुँदैन ।

### सामुदायिक वन स्तरमा समुदायमा आधारित चोरीशिकार नियन्त्रण एकाइ गठन गर्ने कार्यविधि:

सामुदायिक वन उपभोक्ता समूहले समुदायमा आधारित चोरीशिकार नियन्त्रण एकाइ गठन गर्नुपर्ने आवस्यकता महशुस गरेमा सो सम्बन्धि निर्णय गरी आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेका उपभोक्ताहरु मध्ये स्वयंसेवक सदस्यको रूपमा उक्त एकाइमा रही काम गर्न इच्छुक व्यक्तिहरूको नामावली संकलन गर्ने र आवस्यकता अनुसार विभिन्न पदीय जिम्मेवारी दिन सकिन्छ । समुदायमा आधारित चोरीशिकार नियन्त्रण एकाइ गठन, परिचालन र कार्यसञ्चालन प्रचलित कानूनको परिधिभित्र रहेर गर्नुपर्दछ । यसरी काम भए नभएको सुपरिवेक्षण गर्ने, अनुगमन गर्ने र नियमन गर्ने कार्य सम्बन्धित वन कार्यालयले गर्नु पर्दछ ।

### चोरी शिकारी नियन्त्रमा समुदायको भूमिका

- समयमा जानकारी उपलब्ध गराएर
- नाकाहरूको पहिचान गर्नमा सहयोग गरेर
- आफु र आफ्ना सदस्य, आफन्तलाई संलग्न नभएर, नगराएर
- जनचेतना फैलाउने कार्यमा सहभागी भएर
- सामाजिक कारवाही गरेर
- आकस्मीक गस्ती तथा अनुगमनमा सहभागी भएर
- धराप पासो हटाउने, खाडल पुर्न सहयोग गरेर
- सामाजिक संरचना बनाई कार्यान्वयनमा सहयोग गरेर
- अलपत्र, रोगी, टुहुरा तथा घाइते वन्यजन्तुको उद्धार गरेर
- दण्ड तथा पुरस्कारको व्यवस्था गरेर
- सामुदायिक सुराकीको भूमिका निर्वाह गरेर
- रूची बढाएर वा चासो राखेर
- प्रतिवद्धता जनाएर

अन्त्यमा, वन्यजन्तु हाम्रा अमुल्य निधि हुन, बेलैमा यिनको संरक्षण गर्नु हाम्रो प्रथम दायित्व हो अन्यथा मानिसको लोभमा यी वन्यजन्तु सधैका लागि लोप हुनेछन, हाम्रा सन्ततिले केवल तस्विरमा मात्र यिनलाई हेर्नुपर्ने हुन्छ । यिनको संरक्षण गर्नु सरकारको मात्र दायित्व नभएर हामि सचेत र वातावरण अनि वन्यजन्तु प्रेमी जनताको पनि उत्तिकै दायित्व हो, तसर्थ यिनको संरक्षणमा हामि आजैबाट लागौं, अन्यलाई पनि सहभागी बनाउ । जय संरक्षण । जय प्रकृति ।







# समुदायमा आधारित चोरी शिकारी नियन्त्रण

## एक परिचय


प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email: dfodadeldhura096@gmail.com
Web: dfodadeldhura.gov.np